


# शान्ति स्थापनामा कलाको प्रयोग

कलाले व्यक्ति र समुदायबीच समझदारी, सहानुभूति र संवादलाई बढावा दिएर शान्ति स्थापनामा महत्त्वपूर्ण भूमिका खेल्छ । रचनात्मक अभिव्यक्ति र सांस्कृतिक आदानप्रदानको माध्यमबाट, कलाले अवरोधहरू पार गर्ने, स्टेरियोटाइपलाई चुनौती दिने र शान्तिपूर्ण सह-अस्तित्वमा योगदान पुर्‍याउने क्षमता राख्छ ।

शान्ति स्थापनाको प्रयासमा कलाको प्रयोग गरेका केही उदाहरणहरू :

१. **विविध दृष्टिकोणहरू व्यक्त गर्न :** कलाले व्यक्तिहरूलाई आफ्ना विचार, भावना र अनुभवहरू रचनात्मक र शान्तिपूर्ण तरिकामा व्यक्त गर्न सहयोग गर्छ । दृश्य कला, संगीत, नृत्य, रंगमञ्च र कविताको माध्यमबाट मानिसहरूले आफ्ना दृष्टिकोण, कथा र भावनाहरू अभिव्यक्त गरि पारस्परिक समझदारीलाई बढावा दिन सक्छन् ।




**रोहिंग्याटोग्राफर पत्रिका**

बङ्गलादेशमा रहेका रोहिंग्या शरणार्थीहरू फोटोग्राफीको प्रयोग गरेर आफ्ना कथाहरू सुनाउँछन्, जुन एक पत्रिकामा लिपिबद्ध गरिएको छ ।

२. **अरूलाई मानवीय दृष्टिकोणले हेर्न:** कलाले व्यक्ति वा समुदायको मानवतावादी चित्रण प्रस्तुत गरेर स्टेरियोटाइप र पूर्वाग्रहहरूलाई चुनौती दिन सक्छ । यसले व्यक्ति वा समुदायहरू बीच रहेका अवरोधहरू तोडी सहानुभूति र करुणालाई बढावा दिन मद्दत गर्न सक्छ ।

### द एनिमी

"द एनिमी" एक मल्टिमिडिया प्रदर्शनी हो जसले भर्चुअल वास्तविकताको प्रयोग गरेर द्वन्द्वरत पक्षका व्यक्तिहरूलाई आमने-सामने ल्याउछ । अन्तरंग साक्षात्कार र अन्तरक्रियात्मक कथावाचनको माध्यमबाट, परियोजनाले शत्रुको रूपमा हेरिएकाहरूलाई मानवीयकरण गर्दछ र सहानुभूतिलाई बढावा दिन्छ ।




३. **संवाद र मेलमिलापलाई प्रोत्साहन दिन :** सामुदायिक भित्तेचित्र, रंगमञ्च प्रदर्शन वा कथा वाचन कार्यशाला जस्ता कलात्मक परियोजनाहरूले संवाद र मेलमिलापका लागि ठाउँ प्रदान गर्छ । विभिन्न पृष्ठभूमि भएका मानिसहरूलाई एकसाथ ल्याएर र उनीहरूका कथाहरू व्यक्त गर्न प्रोत्साहित गरेर, कलाले सहानुभूतिलाई बढावा दिन सक्छ र द्वन्द्व समाधान प्रक्रियाहरूमा योगदान दिन सक्छ ।



### "टाइम इज नाउ, याल्ला" परियोजना

यस परियोजनाले इजरायल र प्यालेस्टाइनका मानिसहरूको संयुक्त तस्वीरहरू प्रयोग गरेर दुई समूहहरू बीच वैमनस्यता, आक्रोश र विभाजनलाई घटाई उनीहरू बीच मेलमिलाप गर्न प्रोत्साहन गर्छ ।

४. **सांस्कृतिक आदानप्रदानलाई बढावा दिन :** एक अर्काको विविध सांस्कृतिक परम्परा र उत्सवहरूको सम्मान गर्दा र सँगै मनाउँदा समुदायहरू र व्यक्तिहरू नजिक भई आपसी समझदारी र सहयोगको भावना बढ्छ ।

### अन्तर्राष्ट्रिय कला महोत्सव 'द काठमाडौं ट्रायनेल'

विभिन्न सांस्कृतिक पृष्ठभूमिका कलाकार र दर्शकलाई एकै ठाउँमा ल्याएर काठमाडौं ट्रायनेलले सांस्कृतिक आदानप्रदान, पारस्परिक सम्मान र कदरका लागि उत्प्रेरकको काम गर्दछ । यसले दक्षिण एसियाली कला र संस्कृतिको समृद्धि र विविधतालाई प्रदर्शन गर्दछ र यस क्षेत्रमा सार्थक अन्तरक्रिया, संवाद र सह-अस्तित्वको प्रवर्धनको लागि ठाउँ सिर्जना गर्दछ ।



**५. सीमान्तकृत आवाजहरूको सशक्तीकरण गर्न :** कलाले सीमान्तकृत समूहहरूको आवाजलाई सशक्त गर्न सक्छ, उनीहरूलाई आफ्ना गुनासोहरू व्यक्त गर्न, आफ्ना अधिकारको लागी पैरवी गर्न र सामाजिकराजनीतिक रूपान्तरणमा योगदान दिन्छ । कलाको माध्यमबाट, आवाज बिहिन वा सीमान्तकृत व्यक्तिहरूलाई सुन्ने, निर्णयकर्ताहरू र समाजसँग संवादमा संलग्न हुने मञ्च प्रदान गर्छ ।



### एम्पलीफाइड भोइसेस

ह्यामिल्टनमा रहेको ब्रुअरी कलेक्टिभ आर्ट्सले सामाजिक न्यायका मुद्दाहरूमा केन्द्रित कलाकृति प्रदर्शन गर्दै भ्वाइसेस नामक श्रृंखलामार्फत कला र पैरवीलाई मर्ज गर्न आफ्नो प्लेटफर्म प्रयोग गरिरहेको छ । कलाको रचनात्मक शक्तिलाई रणनीतिक सक्रियतासँग संयोजन गरेर, उनीहरूले संवादलाई प्रज्वलित गर्ने र सामाजिक परिवर्तनलाई ड्राइभ गर्ने लक्ष्य राख्दै बोतल र क्यानहरूमा रोलिंग कलाकृति प्रयोग गरेर कलाकारहरूका सन्देशहरूलाई प्रस्तुत गर्दछ ।

**६. शिक्षा र जनचेतना बढाउन:** कलात्मक पहलहरूले शान्ति स्थापना, द्वन्द्व समाधान र मानव अधिकारका मुद्दाहरूको बारेमा जनचेतना बढाउन सक्छ । कलाको माध्यमबाट नागरिकलाई संलग्न गराएर शान्तिपूर्ण समाज निर्माणका लागी योगदान गर्न नागरिकलाई शिक्षा तथा प्रेरणा दिन्छ ।



### सद्भाव परियोजना

सामाजिक परिवर्तन केन्द्रद्वारा संचालित यस परियोजनाको कलमा-आधारित संवाद कार्यशालाहरूले सांस्कृतिक र सामुदायिक भिन्नताहरू बद्रभ्नको लागि एक प्लेटफर्म प्रदान गर्दछ । कार्यशालाहरूको उद्देश्य कला र अडियो भिजुअल सामग्रीहरूको माध्यमबाट सामाजिक मुद्दाहरू र द्वन्द्वका कारणहरू प्रति विद्यार्थीहरूको ज्ञान र दृष्टिकोण बढाउनु हो ।

**७. उपचार र आघात रिकभरी गर्न :** कलात्मक अभ्यासहरूले हिंसा वा द्वन्द्वबाट प्रभावित व्यक्तिहरूलाई उनीहरूको अनुभव र भावनाहरू व्यक्त गर्न सुरक्षित र रचनात्मक आउटलेट प्रदान गर्दछ ।




### अफगान बाल गीत पुस्तक परियोजना

अमेरिकी सङ्गीतकार सारा हुल्सेको नेतृत्वमा सञ्चालित यस परियोजनाको उद्देश्य युद्धबाट प्रभावित अफगानी बालबालिकाहरूलाई मनोसामाजिक उपचार प्रदान गर्नु हो । यसमा परम्परागत अफगानी बालबालिकाका गीतहरू सङ्कलन गर्नका साथै तिनीहरूलाई रंगीन र सांस्कृतिक रूपमा सान्दर्भिक चित्रहरूद्वारा चित्रण गरिएको छ । यी गीति पुस्तकहरू अफगानिस्तानका बालबालिकाहरूलाई वितरण गरि एको थियो । यी गीति पुस्तकहरू बालबालिकाहरूलाई  उनीहरूको सांस्कृतिक सम्पदासँग जोड्न र गीतहरू मार्फत हिंसा वा द्वन्द्वबाट भएको पिडा कम गर्न मद्दत गर्दछ ।

**स्रोतहरू:**

Museo Nacional Centro de Arte Reina Sofía

Rohingyatographer Magazine

The Enemy Project

Inside Out’s ‘Time is Now, Yalla!’ Project

‘The Kathmandu Triennale’ by Siddhartha Arts Foundation

Afghan Children’s Songbook Project

Centre for Social Change

Collective Arts